आ.ब. २०७९/०८० सम्मको बैठक संख्या

आ.ब.२०७९/०८० बैठक संख्या

आज मिति २०८० असार ११ गते दिउसो ३ :०० बजे फिक्कल गाउँपालिका गाउँकार्यपालिकाको बैठक गाउँपालिका **अध्यक्ष श्री पार्वती सुनुवारको** अध्यक्षतामा तपसिलको उपस्थितिमा वसी निम्न निर्णय गरियो ।

## उपस्थिति :

| सि.नं | नाम र थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पार्वती सुनुवार | अध्यक्ष | पार्वती सुनुवार |
| २ | श्री राजु वराल | उपाध्यक्ष | [signature] |
| ३ | श्री होम बहादुर सुनुवार | १ नं वडा अध्यक्ष | |
| ४ | श्री शंकर बहादुर भण्डारी | २ नं वडा अध्यक्ष | [signature] |
| ५ | श्री टेक बहादुर रजन मगर | ३ नं वडा अध्यक्ष | [signature] |
| ६ | श्री मोहन मगर | ४ नं वडा अध्यक्ष | [signature] |
| ७ | श्री बैकुण्ठलाल पहाडी | ५ नं वडा अध्यक्ष | [signature] |
| ८ | श्री कुलेन्द्र बहादुर मगर | ६ नं वडा अध्यक्ष | [signature] |
| ९ | श्री लिल बहादुर सुनुवार | गाउँकार्यपालिका सदस्य | [signature] |
| १० | श्री पूर्णमाया थापा मगर | गाउँकार्यपालिका सदस्य | – |
| ११ | श्री टिकामाया विश्वकर्मा | गाउँकार्यपालिका सदस्य | – |
| १२ | श्री तारा विश्वकर्मा | गाउँकार्यपालिका सदस्य | [signature] |
| १३ | श्री सावित्रा कुमारी थापा मगर | गाउँकार्यपालिका सदस्य | – |
| १४ | श्री मंगलादेवी तामाङ्ग | गाउँकार्यपालिका सदस्य | मंगला |

| | | | |
|---|---|---|---|
| १ | श्री राजेन्द्र कार्की | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

निर्णय नं (१) गाउँ शिक्षा समितिको निर्णय सम्वन्धमा ।

गाउँशिक्षा समितिको वैठकबाट तपसिलमा उल्लेखित निर्णयबाट सिफारिस भई आएको उल्लेखित निर्णय स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल :

**निर्णय नं .१ गाउँ** शिक्षा समितिबाट विद्यालय तथा शिक्षक मिलानका आधार तथा मापदण्ड निर्धारण गर्नका लागि मिलान कार्यदल गठन भई जिम्मेवारी तोकिएकोमा सो कार्यदलबाट प्राप्त प्रतिवेदन उपर निम्नानुसार छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो अध्ययन तथा थप छलफल गर्नुपर्ने ।

क .भौगोलिक दुरी र पैदल समय,

ख.कक्षागत विद्यार्थी संख्या,

ग.कनिष्ठता लागुको आधारका सम्बन्धमा ।

घ .तोकिए वमोजिम शिक्षक संख्या पुगी गाउँपालिका अनुदान रिक्त भएमा त्यस्तो पद पदपूर्ति नगर्ने ।

**निर्णय नं .२** गाउँपालिकाको आ.व .२०७९/०८० को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम वमोजिम यस फिक्कल गाउँपालिकामा स्थायी बसोबास भई विभिन्न प्राविधिक शिक्षालयमा पठनपाठन गर्ने विद्यार्थीहरूका लागि प्राविधिक छात्रवृत्ति वितरण गर्ने कार्यक्रम अनुसार छात्रवृत्ति वितरणका लागि आवेदन माग गरिएकोमा कार्यक्रममा तोकिएको कोटा २० भन्दा बढि २७ जनाको रितपूर्वक आवेदन पर्न आएको हुँदा सो सबै आवेदकहरुलाई छात्रवृत्ति प्रदान गर्न नपुग हुने रकम रू १,७५,०००।००)एक लाख पचहत्तर हजार मात्र (निशर्त तर्फको "डिजिटल साक्षरता कार्यक्रम "शीर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं (२) शिक्षक पदपूर्ति सम्वन्धमा ।

संघीय +२ अनुदान अन्तर्गत माध्यमिक विद्यालय सालुकेको अंग्रेजी विषयको रिक्त शिक्षक पदपूर्तिका लागि गाउँपालिका पदपूर्ति समिविाट पटक पटक विज्ञापन हुँदा दरखास्त नपरेको हुँदा उक्त पदमा पचलित कानुनी प्रक्रिया पुरागरी शिक्षक पदपूर्ति गर्न सम्वन्धित विद्यालयलाई निर्देशन गर्ने र पदपूर्ति भई जानकारी प्राप्त भएपछि गाउँपालिकाबाट स्वीकृत गरि अभिलेख राख्ने निर्णय गरियो ।